बाल सन्दर्भ सामग्री – १२

# पेटमा कसरी भूत पस्यो ?



नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# पेटमा भूत कसरी पस्यो ?



यो किताब
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

लेखन
ध्रुव घिमिरे

चित्राङ्कन कर्ता
राजुबाबु शाक्य

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी)को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो । यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ । यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन् ।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो । प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३

**पाठ्यक्रम विकास केन्द्र**

# विषय सूची


| क्र.स. | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | मित मित | ५ |
| २. | आफूले आफैँलाई चिन्ने खेल | ९ |
| ३. | राजुको प्रयोगशाला १ | १२ |
| ३. | राजुको प्रयोगशाला २ | १५ |
| ४. | पृथ्वी, चन्द्रमा र सूर्यको झगडा | १८ |
| ५. | मामाघरको यात्रा | २० |
| ६. | पेटमा भूत कसरी पस्यो ? | २४ |
| ७. | कुम्भकर्णको खाना | २८ |
| ८. | एकसिङ्डे कलुवाका चार ओटा थाम | ३२ |

# मित मित



हाम्रो देशको तराई भागमा एउटा जङ्गल छ । त्यसै जङ्गलभित्रको बाटैमा एउटा ठूलो सालको रुख छ। त्यसै रुखको टोड्कामा सुँगाको गुँड छ। एक दिन त्यो रुखमुनि धेरै मानिस आएर बसेको देखी सुगाको बच्चालाई यसको कारण जान्न मन लाग्यो र आफ्नी आमासँग सोध्यो, "आमा ! आमा ! यहाँ यो रुखमुनि बास बस्ने मानिसको हुन् ? यिनीहरू कहाँ जान लागेका हुन् ?" आमा सुगाले 'तँलाई के चासो', भनी धेरै सम्झाउँदा पनि केही लागेन । आखिर उसले कथा नसुनाई धरै पाइन र भन्न लागी, "हेर बाबु ! हजारौँ वर्ष पहिले एकादेशमा एउटा सिकारी थियो । उसको नाम नरराज थियो। ऊ सधैँजसो जङ्गलमा पसी विभिन्न किसिमका जन्तुहरू मारीखाने गर्थ्यो। यसै गरेर एक दिन सिकार खेल्न भनी ऊ आफ्ना ढुङ्गा, फलाम र काठका हात हतियार बोकेर जङ्गल पस्यो । तर दिनभरि घुम्दा घुम्दा उसले कुनै चिजको सिकार गर्न पाएन । त्यसैले निराश भएर फर्किरहेको बेलामा अचानक मुसलधारे पानी पऱ्यो । ओत लाग्न ऊ एउटा रुखमुनि गयो ।

दिनभरिको घुमाइले ऊ थाकेको थियो। चौपट्टै भोकाएको पनि थियो। तर त्यस रुखमुनि पुग्ने बित्तिकै एउटा पाकेको फल उसको हातमा खस्यो। त्यो देखेर उसलाई चौपट्टै खुसी लाग्यो । भोकको झोकमा उसले हतार हतार त्यो फल खायो पनि। त्यसपछि त्यहाँ अर्को फल खान थाल्यो । यत्तिकैमा 'फल कस्तो लाग्यो त ?' भनेर उसलाई कसैले सोधे जस्तो लाग्यो । उसले चारैतिर हेऱ्यो । तर कसैलाई पनि नदेखी फेरि खान थाल्यो। "हैन मिठो छ फल ?", उसले त्यो प्रश्न फेरि सुन्यो र माथितिरबाट यो आवाज





आएको जस्तो पनि लाग्यो । त्यसैले माथितिर हेऱ्यो । तर जब माथितिर हेऱ्यो उसले सबै जिउभरि हरियो लुगा लगाएको एउटा लमतन्ने चिज देख्यो । सिकारी न हो ! घुँयत्रो हान्न कस्सिहाल्यो । त्यसले भन्यो, "मलाई किन मार्न खोज्दैछौ ? म यहाँको राजा हुँ, वृक्षहरूको राजा, राजवृक्ष । यी तिमी जस्तै थाकेर आएकालाई मिठा मिठा फल खान दिने, भिजेकालाई ओत दिनेलाई पनि मार्न खोज्नुहुन्छ ? तिमीलाई लाज लाग्दैन ?"

रुखको यो कुरा सुनेर सिकारीलाई बडो पछुतो लाग्यो र उसले रुखसँग माफी माग्दै भन्यो, "वृक्षराज मलाई क्षमा गर्नुहोस् ।"

अनि सिकारीलाई माफी दिँदै वृक्षराजले उसले सिकार खेल्न आउनुको कारण सोध्यो । सिकारीले भन्यो, "सिकार नखेलेर के गर्नु ? बाउबाजेदेखि यही काम गरी जङ्गली जन्तु मारी, पोली खाने बानी परेकाले अरू काम गर्न जानिएकै छैन । आउँदा पनि आउँदैन ।"

आपसमा यसरी कुरा गर्दा गर्दै उनीहरूलाई मित लगाउन मन लागेछ र दुवैले मित लगाए । भोलिपल्ट जङ्गलमा भएका मिठा मिठा फल खुवाएर, चराका गीत सुनाएर, खरायोको नाच देखाएर वृक्षराजले मितज्यूको स्वागत गऱ्यो । यसरी केही दिनसम्म सँगै बसेर एक दिन बिहानै नरराजको त्यहाँबाट जाने कुरा सुनी वृक्षराजलाई खुब पिर लाग्यो ।

त्यसैले उसले नरराजलाई रोक्दै भन्यो, "मितज्यू, हजुर यहाँबाट जाँदा मलाई रुन मन लाग्छ । त्यसैले जाने कुरै नगर्नुहोस् । बरु ऊ त्यो परको पर्ती



जग्गामा खेती गर्नुहोस् ।" मितज्यूको कुरामा सहमत भएर पनि नरराजलाई खेती गर्ने तरिका थाहा थिएन । ऊ चुप लागेर बसिरह्यो । मितज्यूको समस्या बुझ्दै वृक्षराजले भन्यो,



“त्यसका लागि फिक्री नगर्नुहोस् । हामी बादल बोलाई पानी पारी दिन्छौँ। तपाईँलाई मन परेका आँप, अमला, अम्बा जस्ता फलका रुख यहाँबाट छानेर लगाउनुहोस्। कपास, किम्बु, रेसम लगी लुगा बनाउनुहोस्। छिमेकी जङ्गलबाट म लोकता, भोजपत्र मगाइदिन्छु । त्यसको कागज बनाई सन्तानलाई पढाउनुहोस्। घर बनाउने काठ एवम् गाईबस्तुका चरनको व्यवस्था हामी नै मिलाइदिन्छौँ । तपाईँ केबल खनजोत गरी बाली लगाउनुहोस् । बालीलाई नष्ट गर्ने किराहरूलाई खान चराहरू हामी यहीँबाट पठाइदिन्छौँ । तपाईँले त्यहाँ बस्ती बसाए हामी र हाम्रा सन्तान पनि कहिले छुट्टिने थिएनौँ ।”

नरराजलाई मितज्यूको कुरामा चित्त बुझ्यो र उसले आफूजस्तै सारा साथीलाई बोलाई राजवृक्षले भनेअनुसार गऱ्यो । नभन्दै मितज्यूको सहयोगले नरराज आफ्ना साथीसहित एउटा सफल कृषक बन्यो । सिकारी मितको सहयोगले आगाबाट त्यस जङ्गल पुरा बचाउ भयो । यसरी यी दुवै मित मितको सम्बन्ध यस्तो घनिष्ट थियो कि एउटा मितले फेरेको श्वास अर्को मितले लिन नपाए दुवै निसासिन्थे ।

अहिले भएका मानिसहरू यिनै नरराजका सन्तान भएकाले रुखले छोडेको श्वास लिन नपाए तुरुन्तै मर्छन् पनि ।

यसरी यी दुवै मितज्यू धेरै वर्षसम्म जीवित रहे । हेर्दा हेर्दै राजवृक्ष रहेको जङ्गल खुबै घना भयो । उता नरराजको बस्ती पनि अझ बाक्लियो । त्यसैले मर्ने बेलामा आआफ्ना सन्ततिलाई, एक अर्काको मितज्यूका सन्तानका, राज्यको सुरक्षा गर्ने वाचा गराई दुवै मित मरे । तर नरराजका



गाउँले र सन्तानले आफ्नो हजुरबुबाको कुरा नमानी जथाभावी रुख काट्ने, आगो लगाउने, जङ्गली जन्तु मार्ने गर्न थाले ।

कालान्तरमा सारा जङ्गल सखाप पारी यिनीहरूले गाउँ, खेत बनाए । न यिनीहरूले कान्लामा डाले घाँस लगाए, न बाटाको छेउछाउमा रुख नै लगाए । राजवृक्षका सन्तानले त मानिसले जतिसुकै दुःख दिए पनि बाँचुन्जेल घाँस र शीतलता दिइ नै रहे । मरेपछि पनि उनीहरूलाई दाउरा, काठ दिई मानिसको सेवा गर्दै आएका थिए । तर मानिसहरूले सबै रुखको जरैसमेत मासेकाले, वृक्षराजको वाचा पुरा गर्ने कोही पनि भएन । त्यसैले त्यो गाउँ, आजसम्म सुख्खा, बन्जर छ । वृक्षराजको पालामा जस्तो हराभरा छैन । जङ्गल मास्नाले पानी नपरी अनिकाल लाग्यो । रोग बढ्यो । त्यसैले त्यहाँ टिक्न सक्ने कोही पनि भएनन् । पछुताउनु सिवाय यी गाउलेसँग अर्को उपाय केही पनि छैन । त्यसैले त गाउँ नै छोडी यिनीहरू बसाइ सर्न लागिरहेका छन् र आज हामी बसेको रुखमुनि आई बास बसेका छन् ।"

यसरी आमाबाट सारा कथा सुनेको सुगाको बच्चा मान्छेको बुद्धि ढिलो किन आउँछ होला ? भन्दै निदायो । आमा सुगा पनि केही बेरपछि आफ्नो बच्चालाई पखेटाले छोप्दै निदाई ।

# आफूले आफैँलाई चिन्ने खेल



हरि सर विद्यालयमा विज्ञान र वातावरण पढाउनुहुन्छ । उहाँ विज्ञानका धेरैजसो पाठ खेलको माध्यमबाट सिकाउनुहुन्छ। त्यसैले हरि सरलाई सबै विद्यार्थीहरूले चौपट्टै मन पराउँछन् ।

टिनिनि टिनिनि पाले दाइले घन्टी बजाए । चार र पाँच कक्षाका विद्यार्थीहरू कक्षाकोठाबाट बाहिर निस्किए। "सर ! सर ! आज कुन खेल खेल्ने ?" हरि सरलाई घेर्दै विद्यार्थीहरू झुम्मिए । "ल हिँड चउरमा जाऔँ" भन्दै हरि सर चउरतिर लाग्नुभयो । सबै विद्यार्थीहरू रमाउँदै हरि सरको पछि लागे ।

चउरमा पुगेपछि हरि सरले भन्नुभयो, "आजको खेलको नाम हो : आफूले आफैँलाई चिन । यस खेलमा सबै खेलाडीको नक्कली नाम हुन्छ। जसको आँखा छोपिन्छ, उसले आफूलाई छुने खेलाडीलाई चिन्नुपर्छ। चिन्न सकेमा उसको जित हुन्छ। चिन्न नसकेमा आफूलाई हिर्काउने खेलाडीका बारेमा केही आफूले जानेको कुरा भन्नुपर्छ ।" यसपछि विद्यार्थीहरूले आफूले नबुझेका कुराहरू सोधे । हरि सरले सम्झाउनुभयो । सबैले खेल कसरी खेल्ने भन्ने कुरा पत्ता पाए । "सिर्रर..." हरि सरले सिट्ठी बजाउनुभयो । चार कक्षाका सबै विद्यार्थीहरू चउरको पूर्वपट्टि लाम लागेर बसे। पश्चिमपट्टि चाहिँ पाँच कक्षाका विद्यार्थीहरू बसे । यी दुई कक्षाका विद्यार्थीहरू आमने सामने थिए ।

यसपछि हरि सरले पालैपालो सबै विद्यार्थीको नजिकै गएर कानमा खासखुस गर्नु भयो र "बुझ्यौ ?" भनी सोध्नुभयो। "बुझेँ सर" उनीहरूले भने।

"ल अब खेल सुरु हुन्छ । मैले अघि भने झैँ तिमीहरू सबैको नयाँ नाम मैले तिमीहरूलाई अरूले थाहा नपाउने

गरेर बताइसकेँ। अब म चार कक्षाको कुनै विद्यार्थीको आँखा छोप्छु र पाँच कक्षाको मैले राखेको नौलो नामको विद्यार्थीलाई बोलाउँछु । है त ?" हरि सरले भन्नुभयो र सीताको आँखा छोप्नुभयो ।

यसपछि उहाँले भन्नुभयो, "सजीव आऊ यिनलाई छोऊ।" पाँच कक्षाकी सुशीला उठी र सीताको टाउकोमा हिर्काएर आफ्नै ठाउँमा गएर बसी ।

"ल भन सीता, सजीव को हो ?" भनी उहाँले सीताको आँखा खोलिदिनुभयो। यसपछि सीता उठी। उसले आफ्नो टाउकामा हिर्काउने सजीव को हो ? चिन्नुपर्ने भयो । ऊ पाँच कक्षाका विद्यार्थीहरू भएको ठाउँतिर गई। पाँचकक्षाका सबै विद्यार्थीहरू ताली बजाउँदै गाउन थाले :

"सजीव को हो ? उसलाई चिन् ।
चिन्न सके लिएर हिन् ॥



चिन्न नसके आइज यता ।
सजीव के हो ? लौत बता ॥

सीताले पाँच कक्षाका सबै विद्यार्थीलाई एकएक गरेर हेरी। सजीव भन्ने को हो ? उसले चिन्नै सकिन । केही बेरपछि उसले कमलालाई समाती र यही हो सजीव भनी ।

होइन सबै विद्यार्थी कराए ।

"ल सीताले सजीवलाई चिन्न सकिन। त्यसैले उसले सजीव प्राणी बन्नुपर्‍यो। मैले पढाए झैँ सजीवको परिचय दिनुपर्‍यो" हरि सरले भन्नुभयो।

यसपछि खेलको नियमअनुसार सीताले सजीव प्राणी सर्पले झैँ घस्रने, कुकुरले झैँ चार हात खुट्टा टेक्ने, रुख जस्तो गरी ठिङ्ग उभिने, चराले जस्तै उठ्ने काम गरी। त्यसपछि उसले भनी, "म सजीव प्राणी हुँ। मेरो जन्मने, बढ्ने, ठुलो हुने, बुढो हुने र मर्ने काम हुन्छ । म सास फेर्न सक्छु । मेरो शरीरमा धेरै जीवित तत्त्वहरू हुन्छन्। सजीव प्राणीले आफू जस्तै सन्तान जन्माउँछन्। उनीहरू हिँड्डुल गर्छन्। उनीहरू एक आपसको सुखदु:ख बुझ्छन् । सजीव वस्तु वनस्पति र प्राणीभित्र पनि अमिबा, कीटाणु जस्ता

धेरै साना प्राणी हुन्छन्  जसको ढाड हुँदैन। ढाड हुने पनि घस्रने, चारखुट्टे, दुध चुसाउने, नचुसाउने, मासु खाने, नखाने आदि विभिन्न किसिमका हुन्छन् ।"

अन्त्यमा सबैले ताली बजाए । सीताले हारेकीले ऊ पाँच कक्षाको लहरमा आएर बसी ।


यसपछि हरि सरले पाँच कक्षाको गोपालको आँखा छोप्दै भन्नुभन्यो, "निर्जीव आऊ यसलाई छोऊ ।"

चार कक्षाको दावा उठ्यो। हरि सरले उसको नयाँ नाम निर्जीव राख्नुभएको थियो। दावाले बिस्तारै गएर गोपालको टाउकामा हिर्कायो र आफ्नो लहरमा आएर बस्यो ।

यसपछि उहाँले ल भन गोपाल, "निर्जीव को हो ?" भनी गोपालको आँखा खोलिदिनुभयो। गोपाल उठ्यो र चार कक्षाको निर्जीवलाई चिन्न हिँड्यो ।

चार कक्षाका सबै विद्यार्थीहरू गाउन थाले निर्जीव को हो ? उसलाई चिन्। चिन्न सके लिएर हिन् ॥

चिन्न नसके आइज यता ।



निर्जीव के हो ? लौ त बता ॥


गोपालले सबैलाई नियाल्यो र फुर्वालाई छोएर यही हो निर्जीव भन्यो ।

"होइन" सबै जना कराए । यसपछि गोपालले निर्जीव वस्तु बन्नुपर्‍यो । ऊ मुढो झैँ सुत्यो र भन्न थाल्यो, "म निर्जीव वस्तु हुँ। मैले सास फेर्न जानेको छैन । मलाई जन्मने, बढ्ने, मर्ने कुरा आउँदैन । मेरो शरीरमा सजीव सेल हुँदैन । म हिँड्डुल गर्न जान्दिनँ । मैले खानेकुरा खाने गरेको छैन । निर्जीव वस्तुले सन्तान जन्माउँदैन। म सुखदुःख, डर केही थाहा पाउँदिन । किनकि ममा चेतना हुँदैन । ढुङ्गा, माटो, फलाम, मुढा आदि निर्जीव वस्तु हुन् ।"

सबैले ताली बजाए । गोपाल चार कक्षाको लहरमा गई बस्यो ।

यसपछि घन्टी लाग्यो। सबै विद्यार्थीहरू भोलि पनि यही खेल खेल्ने निधो गरी रमाउँदै हरि सरसँगै कक्षा कोठातिर लागे ।

# राजुको प्रयोगशाला १



उसको नाम राजु हो । ऊ पाँच कक्षामा पढ्छ । ऊ चौपट्टै चकचके छ । ऊ अरूले भनेको कुरामा भन्दा आफैँले गरेको, देखेको कुरामा विश्वास राख्छ । विद्यालयमा पढेका विज्ञानका कुराहरू ऊ आफैँले प्रयोग गरी हेर्ने गर्छ ।

राजु अहिले ओछ्यानमा सुतिरहेको छ । उसको घरमा अहिले कोही पनि छैनन् । ऊ एक्लै छ । ऊ दाहिने गोडा लम्पसार पारेर सुतिरहेको छ । उसको गोडामा घाउ भएको छ । केही दिनअघि ऊ चराको बचरा हेर्न एउटा रुखमा चढेको थियो । केही माथि पुगेपछि उसले समातेको हाँगो भाँचियो । ऊ लड्यो । राजु रुखको फेदमा बजारियो । उसँग गएका साथीहरूले जसोतसो गरेर उसलाई घरमा बोकेर ल्याए । त्यतिबेलै उसलाई अस्पताल पुऱ्याइयो । जिउमा लागेका घाउ चोटहरू त बिस्तारै निको भए । उसको दाहिने गोडाको घाउ भने अझै बिसेक भएको छैन । त्यसैले ऊ दाहिने गोडाले टेक्न सक्दैन । निकै दिनदेखि ऊ विद्यालय गएको पनि छैन ।

दिउँसो घरका सबै मानिसहरू आआफ्नो काममा जान्छन् । बिहान बेलुका उसलाई हेर्न आउने साथीहरू पनि यतिबेला विद्यालय गएका छन् । त्यसैले ऊ अहिले घरमा एक्लै छ । ऊ कहिले घाउ हेर्दै, कहिले एक्लै खेल्दै, कहिले पल्टिँदै दिन बिताइरहेको छ ।

उसलाई झिँगाहरूले चौपट्टै दुःख दिइरहेका छन् । घाउमा झिँगाहरू बस्न खोज्छन्, ऊ तिनलाई धपाउँछ । फेरि बस्न खोज्छन् । ऊ फेरि धपाउँछ । बस् दिनभरि यी झिँगा धपाउने काम गर्नुपर्दा र एक्लै बस्नुपर्दा ऊ दिक्क भएको छ । तर के गर्नु ? एउटा गोडाले मात्र टेकेर कहाँ जानु ? के खेल्नु ? ऊ यही सोच्छ ।


यसरी दिक्क मानेर आफ्नो कोठमा बसिरहेको राजु 'आइडिया...' भन्दै

जुरुक्क उठ्छ। एउटै गोडाको भरमा ऊ बुबाको कोठामा जान्छ। त्यहाँबाट एउटा आइग्लास ल्याउँछ। "आज म यी झिँगाको जिउ हेर्छु" ऊ मनमनै भन्छ । राजु घाउमा बस्न आएको एउटा झिँगालाई जिउँदै मुठीमा पार्छ। देब्रे हातले झिँगाको पखेटा समात्छ र त्यसपछि दाहिने हातले आइग्लास समातेर झिँगालाई हेर्छ।

"आम्मै ! कति ठुलो ।" ऊ त झन्डै तर्सेको ! आइग्लासबाट हेर्दा त झिँगाको जिउभरि भुत्लैभुत्ला ! आइग्लासबाट हेर्दा झिँगाको जिउभरिका साना साना कुराहरू पनि स्पष्ट देख्न सक्छ।

राजु हेर्दै जान्छ झिँगाको टाउकाको भागमा मुख वा दाँतको सट्टा एउटा सुँड हुँदो रहेछ। यसै सुँडको सहायताले झिँगाले रगत वा अन्य सडेगलेका वस्तुबाट आफ्नो आहार सोस्दो रहेछ। राजु थाहा पाउँछ। यी यसका आँखा पनि दुई ओटै हुँदा रहेछन्, तर यी आँखा भने साना साना आँखा मिलेर बनेका रहेछन् । हाम्रो जस्तो नानी यसमा हुँदो रहेनछ ऊ मनमनै भन्छ।

त्यसपछि ऊ आइग्लासबाट आफ्नो हेराइ तल ल्याउँछ। झिँगाको टाउको र जिउ (छाती) को भाग छुट्टाछुट्टै हुँदो रहेछन् । हेर यसका बिचको भागमा त एक, दुई ओटा पखेटा, एक, दुई, तिन, चार, पाँच, छ ओटा खुट्टा हुँदा रहेछन्, ऊ गन्न थाल्छ। यी खुट्टा पनि एक, दुई, तिन, चार, पाँच पाँच ठाउँमा भाँचिएका स्पन्ज जस्ता रौँले ढाकिएका हुँदा रहेछन्।" राजु छक्क परी हेर्दै जान्छ। "यहीँ काँडेदार रौँको सहायताले झिँगा आफ्नो खुट्टा माथि जिउ तल पारी घरको सिलिङ्गमा पनि हिँड्न सक्दोरहेछ।" राजु नयाँ रहस्य पत्ता लगाउँछ । यसपछि ऊ दुवै हातको सहायताले झिँगाको खुट्टा मात्र आफ्नो नङले समात्छ। उसको हातबाट फुत्कन झिँगा आफ्नो पखेटा फिनिनि चलाउँछ।




"ओहो एक सेकेन्डमा सयौँ चोटि यसले पखेटा हल्लाउन सक्दोरहेछ । यहीँ पखेटाको फिरफिरे आवाजकै कारण मौरी, लामखुट्टे र झिँगा उड्दा भुनुनुको आवाज सुनिँदो रहेछ" राजुले नयाँ कुरा सिक्छ।

राजु झिँगालाई फेरि उत्तानो पार्छ र यसको पेट हेर्न थाल्छ । "मेरी बास्सै ! पेट त खेतका गरा जस्ता खण्ड खण्डमा बाँडिएको रहेछ । एक, दुई, तिन, चार, पाँच, ओहो ! पाँच ओटा खण्ड ऊ भुँडीको अन्तिम भाग हेर्छ । यसमा कालो बिन्दु जस्तो देख्छ । सायद यसले यहीँबाट दिसा गर्छ होला ।" राजु अड्कल काट्छ ।

ऊ त्यतिबेलै विज्ञान पढाउने सरले भन्नु भएको कुरा सम्झिन पुग्छ । "सबै कीट पतङ्गको शीर टाउको, छाती (जिउ) र भुँडी गरी तिन भागमा बाँडिएको हुन्छ" उहाँले भन्नुभएको थियो । "ए, झिँगा पनि यसै कीट पतङ्ग वर्गमा पर्दोरहेछ ।" राजु अठोट गर्छ ।

"साँच्ची झिँगाको यो सुँडले ठोस वस्तु कसरी चपाउँछ ? यदि चपाउन सक्दैन भने चिनीमा झिँगा किन भन्किन्छ ?" राजुको दिमागमा त्यतिबेलै यो प्रश्न उब्जन्छ ।



'आइडिया...' राजु फेरि भित्ता समात्दै भान्साकोठामा पस्छ । त्यहाँबाट चिनीका केही दाना ल्याएर झिँगा भएको ठाउँमा छरिदिन्छ । केही बेरपछि झिँगाहरू चिनीका दानामाथि आफ्नो सुँड पुऱ्याउँछन् । ऊ आइग्लासबाट यिनीहरूको चर्तिकला हेर्न थाल्छ ।

वाह ! क्या चलाख ! मानिसले मुखबाट थुक या ऱ्याल झिके झैँ झिँगाहरूले आफ्नो सुँडबाट थुक जस्तै तरल पदार्थ झिके । यो तरल चिजले चिनी पग्लियो । त्यसपछि सुँडले त्यसको रस चुस्दै झिँगाले एकै छिनमा चिनी स्वाहा पारे । "एक कुरा यसो पो !" राजु नयाँ तथ्य पत्ता लगाउन पाएकामा दङ्ग पर्छ ।

राजु, झिँगाको जिउ, आनिबानी हेर्दै त्यो दिन बिताउँछ । साँझ घरका अरू मानिस र उसका साथीभाइ आउँछन् । ऊ उनीहरूसँग नै भुल्छ ।

# राजुको प्रयोगशाला २

## भोलिपल्ट दिउँसो

राजु फेरि एक्लै हुन्छ । अब के गर्ने ? "आत्था !" झिँगाले फेरि घाउमा टोक्छ। ऊ झिँगालाई प्याट्ट हिर्काउँछ । झिँगो उड्छ । उसको घाउमा आफ्नै हातको चोट लाग्छ । "ऐया !" ऊ एक्लै कराउँछ । "यी झिँगाहरू यसरी घाउ, सिनो, दिसा, पिसाब, जस्ता फोहोर चिजमा बस्छन् र यिनै चिज खान्छन्। अनि आफ्नो जिउमा यहाँ भएका रोगका कीटाणु, फोहोर बोकेर ल्याउँछन् । त्यसपछि हाम्रो खानामा बस्छन् र यी कीटाणु त्यहीँ छोडिदिन्छन् । हामी त्यही खान्छौँ । यसरी यिनले हामीलाई बिरामी तुल्याउँदा रहेछन् ।" राजु गम्भीर भएर सोच्छ ।

"त्यति मात्र हो र ? झिँगाले कतिपय रोगका कीटाणुहरू आफ्नो पेटमा निकै दिनसम्म पाल्छ र हाम्रो खानामा बसी हाम्रो पेटमा फाल्छ ।" अस्ति नै सरले भन्नुभएको कुरा पनि ऊ सम्झन्छ ।

"साँच्ची ! यो कसरी जन्मन्छ, हुर्किन्छ र बढ्छ होला ?" राजु सोच्छ । उसलाई के सुर चल्छ कुन्नि, ऊ उठ्छ। एउटा खुट्टाको भरमा भान्साकोठामा पस्छ । त्यहाँ तारको जाली भएको एउटा बाकस खाली नै देख्छ । सकी नसकी लिएर आउँछ। अब झिँगालाई यसभित्र राखेर "कसरी जन्मने, बढ्ने र मर्ने रहेछन् हेर्नुपर्‍यो" ऊ मनमनै भन्छ। ऊ फेरि उठेर भान्छामा जान्छ।

भान्साकोठाबाट फर्किंदा उसको हातमा केही चिनी र दुई, तिन ओटा केरा हुन्छन्। ऊ चिनी र केरा त्यही बाकसमा राख्छ । एक, दुई गर्दै दस बार ओटा झिँगा जालीभित्र चिनी र केराको गन्ध सुँघ्दै पस्छन् ।


"झिँगाले फोहोर ठाउँ, जस्तै आलो गोबर, घोडाको लिदी, सडे गलेको वस्तुमाथि फुल पार्छ ।" ऊ अस्ति नै सरले पढाएको पाठ सम्झन्छ । "ए बिहान नाग टाँस्न ल्याएको गोबर त आलै छ नि !" ऊ सम्झन्छ। ऊ उठ्छ। सकी नसकी अर्को कोठामा गएर गोबर ल्याउँछ र बाकसभित्र राख्छ । यति बेलासम्म बाकसभित्रका झिँगा चिनी र केरा चुस्दै हुन्छन्। "झिँगाले धेरै उज्यालो छिर्ने ठाउँमा फुल पार्दैन । केही ओसिलो र अँध्यारो ठाउँमा नै यसले फुल पार्छ।" राजु सरको कुरा

सम्झन्छ । यसपछि ऊ झिँगा भएको बाकस बन्द गर्छ । बाकसको माथिल्लो भागमा सिसा हुन्छ । यसको तल र दायाँ बायाँतिर काठ अनि अगाडिपट्टि तारको जाली हुन्छ ।

'यहाँभित्र भएका झिँगा भाग्ने कुरै छैन ।' ऊ सम्झन्छ । 'त्यसमा पनि राति त झिँगाहरू बास बस्छन् ।' ऊ ढुक्क हुन्छ । त्यसपछि ऊ कोठाको कुनामा बाकस लुकाउँछ । 'बाकसभित्र पक्कै पनि भाले र पोथी झिँगा परेकै होलान् । बाकस लुकाएको ठाउँ पनि चिसो र अँध्यारो छँदै छ । अब नयाँ झिँगा जन्मको हेर्न पाइने भयो ।' राजु दङ्ग पर्छ । घरका मानिस आउने बेला भएकाले ऊ आफैँ ओछ्यानमा आएर सुत्छ ।

## पाँच दिनपछि

राजु फेरि आज एक्लै हुन्छ । ऊ आफ्नो प्रयोगशाला बाकस कोठाको कुनाबाट झिक्छ । आइग्लासले बाकसमाथिको सिसाबाट हेर्छ । उसले राखेको गोबरमा झिँगाको एक दुई ओटा मात्र फुल देख्छ । तर ऊ निरास हुँदैन किनभने पोथी झिँगाको फुल पार्ने नली लामो हुन्छ । यसले आफ्नो त्यो नली गोबरको केही भित्री भागमा पुऱ्याएर फुल पार्ने कुरा उसलाई थाहा हुन्छ ।




एक पल्टमा एउटा माउ झिँगाले १०० देखि १५० सम्म फुल पार्छे । तीमध्ये केही मात्र गोबर बाहिर देखिए । अरू गोबरभित्रै हुनुपर्छ । ऊ मनमनै सम्झिन्छ ।

'ए गोबर सुक्न पनि त सक्छ,' ऊ सम्झन्छ । गिलासमा पानी लिएर गोबरमाथि छम्कन भनेर ऊ बाकसको झ्याल खोल्छ । थुक्क यसभित्रका झिँगा यही मौकामा सबै भाग्छन् । राजु निरास हुन्छ । आ भागे के त झिँगालाई मानिस, गाईबाख्राले जस्तो दुध चुसाउनुपर्ने होइन, क्यार ।" ऊ ढुक्क हुन्छ । यसपछि गोबरमाथि नै आइग्लास राखेर हेर्छ । गोबारमाथि रहेका झिँगाका फुल सेता र चम्किला देखिन्छन् । यसपछि ऊ उठ्छ । भान्छाबाट सडे गलेका फल, केही आलो गोबर ल्याएर बाकसभित्र राख्छ । त्यसपछि बाकसलाई फेरि पुरानै ठाउँमा लुकाउँछ ।


पर्सिपल्ट राजु आफ्नो प्रयोगशाला खोल्छ। झिँगाका सारा फुल फुटेछन्। ऊ अब गोबरमाथि र भित्रपट्टि सयौँ किराहरू देख्छ । “ए लार्भा भनेको यही रहेछ !” राजु मनमनै भन्छ । ऊ आइग्लासको सहायताले लार्भाको अध्ययन गर्न थाल्छ। खुम्रे किरा जस्ता देखिने यी लार्भाको मुखपट्टिको भाग सानो र फेदपट्टिको भाग ठुलो रहेछ। एक, दुई, तिन, चार मेरी बास्सै हरेक लार्भाको जिउ तेर खण्डमा बाँडिएको रहेछ। झुसिलकिराले झैँ यी लार्भाहरू गोबर र प्रयोगशालामा रहेका सबै कुरा खाँदै हुन्छन्। खन्चुवा लार्भा ऊ मनमनै भन्छ। यसपछि ऊ बाहिरबाट केही आलो गोबर र सढेको फल ल्याएर बाकसभित्र राख्छ ।

यतिञ्जेलसम्म राजु बिस्तारै हिंडेर विद्यालय जान सक्ने भइसकेको हुन्छ। ऊ हरेक साँझ सुटुक्क आफ्नो बाकस खोल्छ । झिँगाका लार्भाले शरीरको छाला फेरेको जस्तो उसलाई लाग्छ ।

भोलिपल्ट विद्यालयबाट फर्केर जब राजुले आफ्नो बाकस खोल्छ ऊ छक्क पर्छ । ती सलाङ बलाङ गर्ने खन्चुवा किरा त सबै आआफ्नो जिउमा नौलो खोल ओढेर सुतेका शान्त हलनचल चुपचाप मुढो लडे झैँ ! ए प्युपा अवस्था भनेको यही रहेछ ! राजु मनमनै भन्छ ।

एक हप्तासम्म राजु आफ्नो गृहकार्यमै व्यस्त रहन्छ। उसले आफ्नो प्रयोगशाला खोल्ने मौका पाएको हुँदैन । एक दिन ऊ फेरि एक्लै हुन्छ। आफ्नो बाकस खोल्छ । मेरी आम्मै सबै झिँगा आआफ्ना खोलबाट निस्किँदै रहेछन्। यी माउ झिँगा जस्तै तर साना थिए । खोलबाट निस्कँदा यी सारै कमजोर, रङहीन देखिन्थे । तर हावाको स्पर्शसँग यिनका पखेटा पनि कडा हुन्थे र यी उड्न सक्थे। यसरी सयौँ झिँगाहरू आफ्नो प्रयोगशालामा हुर्काउन सकेकामा राजु खुसीले गदगद हुन्छ । ऊ साथीहरूलाई बोलाउँछ । सबै साथीले उसको प्रयोगशाला हेर्छन्। उनीहरूले झिँगाको जीवन चक्र थाहा पाउँछन्। भोलिपल्ट ऊ आफ्नो बाकस विद्यालय लैजान्छ। विद्यालयका सबै विद्यार्थीहरूले उसको प्रयोगशाला हेर्छन्। विज्ञानका सर उसको प्रयोगबाट सारै खुसी भई राजुलाई पुरस्कार दिनुहुन्छ। राजु आफ्नो प्रयोगमा सफल भएकाले चौपट्टै खुसी देखिन्छ ।

# पृथ्वी, चन्द्रमा र सूर्यको झगडा



एकपल्ट को ठुलो भन्ने निहुँमा पृथ्वी जुन र घामको झगडा भयो । पृथ्वीले घामको सेखी झार्दै भन्यो, “के धाक लगाएको सूर्य दाइ, मकहाँ जस्तो खोलानाला रुख बिरुवा, जीवजन्तु तिमीकहाँ छन् र ? तिमी त एउटा आगाको गोला पो हौ। सारा संसारलाई डढाउनबाहेक तिमीले के जानेका छौ ? म नभए यहाँ केही पनि हुँदैनथ्यो, त्यसैले सबैभन्दा ठुलो मै पो हुँ।”

पृथ्वीको कुरा सुनेर घामले झनक्क रिसाउँदै भन्यो, “कस्तो मूर्ख कुरा गरेको पृथ्वी तिमीले ? म नभएको भए तिमी कहाँबाट आउँथ्यौ भन त ? हजारौँ वर्ष पहिले तिमी मसँग छुट्टिएर त्यहाँ गएको होइन ? त्यस्तै रुख बिरुवालाई तिमी एक्लैले हुर्काउन सक्छौ ? यिनीहरूलाई मैले नै तातो दिएर पालेको छु । मैले नै त पानी सुकाएर बाफ बनाइदिएको छु। त्यही बाफ बादल बनेर पानी परेकाले तिमीसँग रुख बिरुवा जन्तु झुम्मिएर बसेका छन्। नत्र जुनमा पनि त बस्थे नि, त्यसैले घमन्ड नगर। तिम्रोभन्दा मेरो जिउ पनि कताकता ठुलो छ। तिमीलाई नै मैले सधैँ घुमाई राखेको छु। त्यसैले म नै ठुलो हुँ बुझ्यौ ?”

को भन्दा को कम ? त्यसैले जुनले पनि झोक्किदै भन्यो, “तिमीहरू कसैले फुर्ति देखाउनु पर्दैन। संसारमा ठुलो त म नै हुँ। म नभएको भए त जुनसुकै रात पनि औँसीको जस्तै अँध्यारो हुन्थ्यो म पृथ्वीबाट उछिट्टिएर यहाँ आएको हुँ। मैले पृथ्वीलाई परिक्रमा गरिरहनुपर्छ । म सानो छु । तर पनि मलाई मानिसहरू खुब मान्छन्। केटाकेटीहरू ‘मामा मामा’ भनेर मलाई माया गर्छन्। त्यसैले म नै ठुलो छु, राम्रो छु।”

जुनको कुरा सुनेर सूर्यले हाँस्दै भन्यो, “जुनले झन् केटाकेटी कुरा गऱ्यो । लाटा, मैले नै त हो नि तँलाई त्यस्तो चम्किलो पारेको । तँ त एउटा ऐना जस्तो पो छस् । म खुसुक्क

माथि माथिबाट तँलाई उज्यालो दिन्छु। अनि तँ चम्किन्छस् । मेरो किरणको तातो तँकहाँ पुगेर फेरि पृथ्वीतिर झर्दा सेलाइसकेको हुन्छ । त्यसैले पोल्दैन । मानिसहरू तँलाई मन पराउँछन् । म नभए तँलाई कसले वास्ता गर्दोरहेछ, सोच् त ।"

सूर्यको कुरा सुनेर जुन र पृथ्वी दुवै चुप भए । उनीहरूले बोल्ने बाटै थिएन। उनीहरूसँग उज्यालो थिएन। सूर्यसँग मात्र थियो । त्यसैले यी दुवै मिले । सूर्यको प्रकाश छेकिदिन पाए त सबैले उनीहरूलाई नै ठुलो मान्ने छन् भन्ने कुरा थाहा पाए । त्यसैले सूर्यलाई छेकिदिने विचार गरे। तर त्यत्रो सूर्यको उज्यालो छेक्ने कसरी ? समस्या पर्‍यो। आखिर जुन नै यस कामका लागि अघि सर्‍यो । घुम्दाघुम्दै जुन पृथ्वी र सूर्यको बिचमा पुग्यो । यसले गर्दा सूर्यको उज्यालो सबै पृथ्वीमा पर्न पाएन । सूर्य पनि धमिलो देखियो। यस्तो देखी पृथ्वीमा बस्ने मानिसहरू छक्क परे। यदि जुन खुब ठुलो भएको भए त दिनलाई पुरै रात पारिदिन सक्थ्यो तर ऊ सानै थियो । सानै भए पनि कहिलकाहीँ सूर्यको उज्यालो छेकिदिने हुनाले सबैले




जुनलाई पनि ठुलो माने। यसरी जुनले सूर्य र पृथ्वीको बिचमा बसी उज्यालो रोकेको दिनलाई मानिसहरूले सूर्यग्रहण भन्न थाले ।

यस प्रकार सूर्य ग्रहण लगाई दिनाले जुनको नाम बढेको देख्दा पृथ्वीलाई डाहा लाग्यो । ऊ पनि के कम ? सूर्यको प्रकाश माथि माथिबाटै जुनमा परेकाले जुन चम्किएको हो भन्ने कुरा पृथ्वीलाई त्यही झगडा भएदेखि थाहा भयो । त्यसैले सूर्यको उज्यालो चन्द्रमामा जाने बाटामा घुम्दै पृथ्वी पुग्यो । सूर्यको उज्यालो चन्द्रमामा पुग्न नपाउँदै बिचमै छेकियो। अनि त पूर्णिमाको रातमा पनि जुनमा त पृथ्वीको काला छाया पो देखियो। त्यसरी जुनमा छाया पो देखियो । त्यसरी जुनमा छाया परेको रातलाई मानिसहरूले चन्द्र ग्रहण लागेको भन्न थाले ।



# मामाघरको यात्रा



पर्खाइको समय पनि कत्ति लामो हुन्छ । सुधाले मामाघर जाने दिन गन्न थालेकी पनि कत्ति भयो । बल्ल त्यो दिन आइपुग्यो । ऊ फुरुङ्ग परेकी छे । किनकि भोलि ऊ आफ्नै बुबासँग मामाघर जाँदै छे । भोलिपल्ट ऊ बुबासँग वीरगञ्जबाट मामाघर जान बसमा चढी । बिहान ८ बजे बस हुइँकियो । उसले झ्यालबाट बाहिर हेरी । पर परसम्म खेतमा धानका बाला झुलिरहेका थिए । बिजुलीको लट्ठीमा सारौँ, ढुकुर, भँगेरा, पिङ खेल्दै थिए । उता बकुल्लाहरू चाहिँ पानी भएको ठाउँमा माछा ढुक्दै थिए । दसैँको न गर्मी न जाडोको सयम । विद्यालय बन्द थियो । पाठ पढ्नु पर्ने टन्टा थिएन । गृहकार्यको झन्झट पनि थिएन । त्यसैले सुधाको मन चौपट्टै खुसी भएको अवस्थामा थियो । ऊ पर परसम्म आँखा पुऱ्याउँदै हेर्दै थिई । बस पनि जीतपुर, सिमरा हुँदै पथलैया आइपुग्यो । पथलैयापछि सुधाले झ्यालबाट हेरी । खेतको सट्टा ठुला ठुला रुखहरू देखी । किनकि यहाँबाट अमलेखगन्ज नआइपुगुन्जेल तराईको चारकोसे झाडी सुरु हुन्थ्यो । बाटाका दुवैतिर उसले जङ्गल देखी । यहाँ उसले पहिले नदेखेका नौला नौला रुखहरू देखी । उसको घर तराईमै भए पनि उसले तराईको जङ्गल घुम्ने मौका पाएकी थिइन । कुनै नौलो वस्तु देख्यो कि यसबारे जान्ने इच्छा सुधामा बढी नै पाइन्थ्यो । त्यसैले "बुबा । यी कुन कुन रुख हुन् ?" उसले वरपरका रुख देखाउँदै सोधी हाली, "ए ! यी, यी त कर्मा, साल, सिसौ, जामुन, खयर, सिमल, अटेर साजका रुखहरू हुन् । यी रुखहरू गर्मी ठाउँमा छिटो बढ्छन् । नेपालको तराईमा पाइने ठुला जातका रुख यिनै हुन् ।"

यसबाहेक स्यालफोस्रे, सिँधुरे, कुम्मी, अमला, बोट धँगेरो, राजवृक्ष, टाँकी जस्ता रुखहरू यहीँ हुन्छन् । तर यी केही साना हुन्छन् ।" बुबाले सुधालाई नजिकैका केही रुखहरू पनि चिनाइदिनुभयो ।

यत्ति बेलासम्म बस अमलेखगञ्ज काटी चुरेको आसपास पुगिसकेको थियो । त्यहाँ वरपर पहाड देखपछि उसले सोधी, "बुबा यो कुन पहाड हो ?" "यो चुरे पहाड हो । यो पहाड नेपालको पूर्वदेखि पश्चिमसम्म फैलिएको छ । यसले तराईलाई छुट्याएको छ ।" बुबाले सम्झाउँदै भन्नुभयो ।

चुरे काटी हेटौँडा आएपछि बस रोकियो । ऊ पनि बसबाट ओर्ली । उसको दक्षिणतिर चुरे पहाड थियो भने उत्तरपट्टि ठुला ठुला अग्ला पहाडहरू थिए । बिचको भाग सम्म थियो। भित्री मधेस भनेको यस्तै खाले सम्म ठाउँ हुनुपर्छ । उसले मनमनै भनी उत्तरमा महाभारतको पर्वत र दक्षिणमा चुरे पहाडको बिच भागलाई भित्री मधेस भनेर कक्षामा पढेको पनि उसले सम्झी ।

केही बेरपछि बस पश्चिमतिर नलागी उत्तरतिर लाग्यो । 'त्रिभुवन



राजपथ' भन्ने साइनबोर्ड उसले पढी । काठमाडौँदेखि वीरगञ्जसम्मको यो बाटो भारत सरकारले बनाएको हो भन्ने कुरा उसले बुबाबाट थाहा पाई ।

हेटौँडाबाट हिँडेको केही बेरपछि बस बिस्तारै डाँडोमाथि चढ्न थाल्यो । यहाँको बाटो साँघुरो र धेरै घुम्ती परेको थियो । सात घुम्ती बार घुम्ती छिचोल्दै बस अघि बढ्यो । बस जति जति माथि आउँथ्यो, चिसो त्यति त्यति बढ्दै गरेको सुधाले थाहा पाई ।

"अब हामी महाभारत पर्वततिर चढ्दै छौँ", सुधाको बुबाले भन्नुभयो । यहाँ त सुधाले नौला नौला पो रुखहरू देखी र बुबालाई हेरी । उसको



आश्चर्यलाग्दो हेराइको अर्थ बुबाले बुझिहाल्नुभयो । "हेर छोरी नेपाल धेरै पहाडै पहाड भएको मुलुक हो । यी पहाडी भूभागमा चिलाउने, खसु, हाडे ओखर, रानी सल्लो, ढाले कटुस, उत्तिस जस्ता रुखहरू हुन्छन् । तैँले देखेका यिनै रुखहरू हुन् ।" बुबाले भन्नुभयो । सुधा रमाइलो मान्दै यी रुखहरू हेर्दै गई । सर्प जस्तो बाङ्गोटिङ्गो बाटोबाट बस अगाडि बढ्दै थियो ।

केही बेरपछि चिसो झन् बढ्दै गयो । तराईमा जति घाम माथि आयो उति गर्मी हुन्थ्यो । तर यहाँ त जति माथि गयो उति चिसो पो बढ्दै गयो । उसलाई अनौठो लाग्यो । वरपर उसले ठुला ठुला ढुङ्गा भएका अग्ला अग्ला पहाडका चुचुराहरू देखी ।

"ऊ ती पोथ्राहरू लालीगुराँस फुलका हुन् । चैत वैशाखमा यो डाँडै रातै हुने गरी लालीगुराँस फुल्छ । रातो गुँरासलाई लाली गुराँस भन्दछन् । यो गुँरास नेपालको राष्ट्रिय फुल हो । यसबाहेक निलो, पहेँलो, सेतो फुल फुल्ने गुराँसलाई चिमाल भन्छन् ।" बुबाले भन्नुभयो । सुधाले गुराँस र चिमालका पोथ्राहरू उस्तै उस्तै हुने कुरा थाहा पाई ।

"खास खास ठाउँमा मात्र खास खास किसिमका रुख, चरा चुरुङ्गी र जन्तुहरू पाइन्छन् । तराईमा हुने सबै रुखहरू पहाडमा हुँदैनन् । पहाडका सबै जातका बोटहरू तराइमा पाइँदैनन् । कुनै ठाउँको हावापानी, तापक्रम, मौसम र माटो आदिसँग मिल्ने खालका रुख, बिरुवाहरू मात्र ती ठाउँमा हुर्कन र बढ्न सक्छन् । यही कुरा चरा चुरुङ्गी र अरू जङ्गली जन्तुमा लागु हुन्छ । तराईको भालु



कालो हुन्छ भने हिमालको भालु सेतो हुन्छ । एउटै जन्तु पनि केही फरक भई प्रकृति अनुकूल बनेका हुन्छन् ।" बुबाले सम्झाउनुभयो ।

कपालका जुम्रा काला र लुगामा पर्ने जुम्रा सेता हुनाका कारण पनि सुधाले बुझी ।

बस जति माथि बढ्यो चिसो पनि त्यति नै बढ्दै थियो । उसले अब मोटामोटा पातमा काँडा भएका रुखहरू देखी । रुखको फेदभन्दा माथितिर हाँगा हाँगामा बाक्लो झ्याउ लागेको थियो । यहाँका चिसो खप्ने खालका रुखहरू रहेछन् । उसले मनमनै भनी । बस पहाडको टुप्पामा रोकियो । यो सिम भन्ज्याङ हो । जाडामा कहिलेकाहीँ यहाँ हिउँ पर्छ । नेपालको यो जस्तै उच्च पहाडमा गोब्रे सल्ला जस्ता रुखहरू हुन्छन् । जटामसी, पाँच औँले जस्ता औषधीका बिरुवा पनि हिमाली भेगमा नै पाइन्छन् । यस्तो चिसो ठाउँमा मकै पाक्न पनि छ, छ महिना लाग्छ भन्ने बुबाको कुरा सुन्दा सुधा छक्क परी । उसको गाउँमा मकै छरेको दुई तिन महिनाभित्र पाक्ने गर्छ । यहाँ त छ महिना उसलाई अनौठो लाग्यो ।




"बुबा यहाँका मानिस के खान्छन् त ?" सुधाले सोधी । "यहाँ आलु, फापर, गहुँ र मुला हुन्छ । यही खाएर मानिस जीवन गुजारा गर्छन् ।" बुबाले भन्नुभयो ।

तातो तातो चिया खाएर ऊ बुबाको काखमा टाँस्सिएर बसी । बस अब ओरालो लाग्दै थियो । बाटामा उसले खाने गरेका स्याउ, सुन्तला र नास्पातीका बोटहरू उसले देखी । खेतबारीमा प्रायः मुला र आलु लगाइएका थिए ।

केही बेरपछि पालुङमा बस रोकियो । सुधा र उनका बुबा बसबाट उत्रिए । जाडो अझै कम भएको थिएन । सुधा बुबाको पछि पछि मामाघरको बाटो लागी । केही घन्टाको यात्रामा नै उसले धेरै कुरा थाहा पाएकामा ऊ मनमनै चौपट्टै खुसी भई ।

# पेटमा भूत कसरी पस्यो ?



रामु दस वर्षका छन् । उनी गाउँको विद्यालयमा पढ्छन् । उनको घर तराईमा छ । उनको गाउँमा जेठ असारमा बढी गर्मी हुन्छ । दिउँसो चौपट्टै गर्मी हुँदा उनी सुट्टुक्क नजिकैको पोखरीमा गई पौडी खेल्ने गर्छन् ।

आज रामुको पेट दुखेको छ । उनी बिहानदेखि चार पाँच पल्ट चर्पी गइसके । उनको पेट कटक्क काट्ने गर्छ । त्यसपछि उनलाई चर्पी जानै पर्छ । दिसामा कुखुराको फुलभित्रको च्याल जस्तो वस्तु आउँछ । दिसामा कहिले रगत पनि देखिन्छ । उनलाई बिसञ्चो भएकाले उनी आज विद्यालय गएनन् । घरमै ओछ्यानमा सुती उनले दिन बिताए ।

साँझ आमाबुबा कामबाट फर्कनुभयो । "रामु ! कस्तो छ तँलाई ?" रामुको बुबाले सोध्नुभयो । "चर्पी कतिपल्ट गयौ बाबु ?" आमाको प्रश्न थियो । "छ सात पल्ट" उसले जवाफ दिए ।

आज असारको पन्ध्र । घरमा दही चिउरा खाने बन्दोबस्त भयो । रामुको पेट दुखेकाले उनले दही चिउरा खान पाएनन् । उनलाई आजैदेखि बिरामी भएकामा थक्क थक्क लाग्यो ।

खाना खाएपछि सबै जना सुत्ने तरखरमा लागे । रामुको जिउमा पसिना आएको थियो । उनको पेटको दाहिनेपट्टि दुखेको थियो । उनलाई अलि अलि ज्वरो पनि आएको थियो । रामुलाई उक्लै सुत्न मन लागेन । उनले आमालाई आफ्नो ओछ्यानमा आएर सुत्न र कथा भन्न कर गरे । आमाले राम्रा राम्रा कथा सुनाउनुभयो । आमाले भनेको लामो कथा रमाई रमाई सुन्दै सुतेका रामु केही बेरपछि भुसुक्क निदाए ।

तर राति रामुले डरलाग्दो सपना देखे । "हा...हा...हा...हा..." गर्दै उनको पेटबाटै एउटा डरलाग्दो भूत निस्कियो र उनको सामु उभियो । भूतको हातमा लामा लामा फोहोरी नङ्ग्रा थिए ।

भूतको कपाल जिङरिङ्ग परेको

थियो। उसको जिउभरि फुल फुटाएको जस्तो बाक्लो लेदो बगिरहेको थियो।

उसको हातखुट्टा, छाती सबैतिर ठाडा ठाडा लामा रौँ थिए। उसलाई भूतको अनुहार हेर्दैमा डर लाग्यो। उनी "आमा! आमा !" भनेर सपनामा कराउन खोजे। तर भूतले उनको मुखै थुनिदियो। उनको मुखबाट आवाजै निस्किएन।

"हा...हा...हा...हा... अब कसरी कराउँछस् ? अनि कति दिन डराउँछस् ? तँ त मेरो आहारा होस्।" भूतले दारा देखाउँदै भन्यो।

"मलाई चिनेको छस् ?" भूतले सोध्यो।

"छ...इ...न !" मेरो नाम आउँ भूत हो ....आउँको राजा मै हुँ। म तेरो पेटमा पसिसकेको छु....तँलाई थाहा छ ?" ऊ गर्जियो।

"मेरो पेटमा पसिसकेको रे.... कहिले ? कसरी ?" रामुले भूतसँग सपनामै सोधे।

"तँलाई के थाहा ? थाहा पाइस् भने त म फेरि तेरो पेटमा पस्न पाउँदिन। म किन भनूँ, तर अब त तँ बाँचे पो फेरि पस्नु ! त्यसैले ल सुन !" भूतले भन्न थाल्यो, "केही दिनअघि तँ गाउँको पोखरीमा पौडी खेल्न गाथिस् हैन ?" भूतले सोध्यो।

"हो !" रामुले भने। "हो...त्यही बेला मैले मेरा सेनाहरूलाई तेरो पेटमा पस्न लगाएँ।"

"कसरी ?"

"त्यो पोखरीको पानी कस्तो छ, थाहा छ तँलाई ?"

"ठिक्कै त छ..."

"अँ ठिकै छ, पौडी खेल्न पाए तँलाई



त ठिकै भइहाल्छ नि ! त्यो पोखरीमा भैँसी सुँगुर आहाल बस्छन्। पौडी खेल्छन्। होइन ? त्यहाँ वर्षामा गाउँको चर्पीको फोहोर पानी जम्मा हुने गर्छ थाहा छ ?"

"त्यो त हो।"

"तँ र रमेश मुखमा पानी हालेर कसले परसम्म पुऱ्याउँछ भन्दै मच्ची मच्ची पिच्च पिच्च गरी खेल्दै थियौ होइन ...?"

"त्यो त हो," रामुले स्वीकारे ।

"हो, त्यही बेलामा त्यो मुखमा हालेको फोहोर पानी तैँले निलिस् । पानी तेरो पेटमा पुग्यो । त्यो पोखरीको पानीमा मेरा सेनाहरू प्रशस्त छन् । ती फोहोर पानीमा बस्ने आउँका कीटाणु नै मेरा सेना हुन् । उनीहरू तेरो पेटमा पुगेपछि पेटभित्र अरू सेना जन्माए । धेरै जन्माए । हुँदाहुँदा उनीहरूले त्यहाँ मेरो राज्य खडा गरे । किनकि आउँको राजा मै हुँ ।" राक्षसले सपनामै रामुलाई गोप्य रहस्य बतायो । रामु एकटक लाएर उसको कुरा सुनिरहे ।

त्यसपछि तिमीहरू घरतिर लाग्यो । बाटामा पर्ने हर्केको बारीमा छिर्‍यौ । त्यहाँको मुला चोर्‍यो र कुलोको पानीमा पखाल्यौ । त्यही कुलाको पानीमा एकै छिन अघि हर्केले दिसा गरेको थियो । हर्केलाई आउँ परेको थियो । त्यही पानीमा तैले मुला पखालिस् र खाइस् हैन ?"

"हो !" रामुले भने ।

"हो त्यही आउँको कीटाणु भएको पानी मुलासँगै तेरो पेटमा पुगेपछि मलाई तेरो पेटमा बस्न झन् सजिलो भयो ।" भूतले बतायो ।

रामु सपनामै भएपनि उनको पेट दुख्नाको कारण पत्तो पाउँदै थिए ।

"अँ, त्यसपछि तँ घर आइस् । चर्पीमा दिसा बस्न गइस् । भोकको झोकमा साबुन पानीले हातै नधोई भात खान थालिस् .... । तेरो हातमा पनि कीटाणु थिए ।

अनि त के थियो ? धेरै सङ्ख्यामा मेरा दूत कीटाणुहरू तेरो पेटमा पुगे । बस् ! उनीहरूले त्यहाँ मेरो राज्य खडा गरे । अनि म आजैबाट राज्य गर्न आउँ । किनकि आउँको राजा भनेको मै हुँ । म आए । तँलाई बिरामी तुल्याएँ । तँलाई आउँ पर्‍यो । आज दिन भरिमा छ, सातपल्ट आउँ दिसा गरिस् .... । भोलि गर्छस् ... त्यसपछि दिनदिनै कमजोर हुँदै जान्छस् .... त्यसपछि म तँलाई मारेर मात्र छोड्छु । सिध्याएरै छोड्छु । "हा...हा...हा...हा..." भूत गर्जियो ।

"सक्छौ सिध्याउन ? आमाले भोलि

धामीलाई देखाउनु भन्नु भएको छ । उसले मलाई बचाई हाल्छन् नि” रामुले सपनामै भने, “हा...हा...हा...हा...” आऊँ भूत जोडले हाँस्यो ।

“धामी देखाएर मलाई भगाउने रे ? मलाई कुनै पनि धामी झाँक्रीले छुन सक्दैन बुझिस् ।” भूतले कड्किदै भन्यो ।

“मलाई त डाक्टर, वैद्य र सफा सुग्घरसँग मात्र डर लाग्छ । अरूले त मेरा रौँ पनि हल्लाउन सक्दैनन् “हा...हा...हा...हा...।” भूत हाँस्यो ।

‘ए ... त्यसो पो ... !’ रामुले मनमनै भने ।

“पख् ! म भोलि नै डाक्टरकहाँ जान्छु ...” रामुले सपनामै कड्किएर भने ।

“जान्छु .... जान्छु ।” अहिले भने उनको मुखबाट आवाज निस्कियो ।

“कहाँ जाने बाबु !” आमाले रामुको जिउ हल्लाउँदै सोध्नुभयो । रामु ब्युँझिए । सपनाका कुरा सम्झिए ।

“अस्पताल जाने ।” आमाले भन्नुभयो । रामु आमालाई अँगालो हाली फेरि निदाए ।

भोलिपल्ट रामुले सपनाका सबै कुरा आमा र बुबालाई सुनाए । आमा र बुबा दुवैले रामुलाई डाक्टरकहाँ देखाउने निधो गरे । भोलिपल्ट रामुका बुबा र रामु अस्पताल गए । त्यहाँ दिसा जाँच गर्दा दिसामा आउँ कीटाणु भेटिए । डाक्टरले औषधी लेखिदिनुभयो । रामुले औषधी खाए । केही दिनपछि उनी निको भए ।

मानिसले आफ्नै लापरबाहीले आफू बिरामी पर्ने कुरा रामुले बुझे ।



त्यस दिनदेखि उनले कहिल्यै फोहोर पानीमा पौडी खेल्ने, नुहाउने, हातखुट्टा धुने गरेनन् । उनले जहिले पनि खान खानुअघि र दिसा बसेपछि खेतबारीमा काम गरेपछि साबुन पानीले हात धुन थाले । उनलाई पेट दुख्ने रोग फेरि कहिल्यै पनि भएन ।

# कुम्भकर्णको खाना



एकादेशमा एउटा भ्यागुतो थियो । ऊ जाडाको महिनाभरि जमिनमुनि सुतिरहन्थ्यो । त्यसैले सबैले उसलाई "कुम्भकर्ण" भन्ने गर्थे । ऊ पानी र जमिन दुवै ठाउँमा बस्न सक्थ्यो । त्यसैले जमिनको शत्रुले उसलाई लखेट्यो भने ऊ पानीमुनि लुक्थ्यो । पानीभित्र कसैले लखेट्यो भने ऊ जमिनतिर भाग्ने गर्थ्यो । यसरी जमिन र पानी दुवै ठाउँका आफ्ना शत्रुलाई छक्याउन सक्ने भएकाले ऊ आफूलाई निकै चलाक सम्झन्थ्यो ।

जाडाको महिना सकिएकाले कुम्भकर्ण बाहिर आयो । उसलाई चौपट्टै भोक लागेको थियो । उसले जमिनमा रहेका कमिला, फुलका रस चुस्ने पुतली, फट्याङ्ग्राहरू खायो । कमिला, फट्याङग्राहरू जति भाग्न खोजे पनि ऊ



आफ्नो जिब्राले टपक्क टिपेर सुलुक्क निलिहाल्थ्यो ।

पेटभरि खाएर अघाएपछि ऊ घुम्न निस्कियो । जङ्गलका हरिण, खरायो, मृगहरू बोट बिरुवाका पातहरू खाँदै थिए । बोट बिरुवा भने हलचल नगरी बसेको देखी ऊ छक्क पर्‍यो ।

"मूर्ख बोट बिरुवाहरू ! म भएको भए उफ्रेर भाग्थेँ । बिचरा हरिणहरू हेरको




हेर्‍यै हुन्थे ।" उसले खिसी गर्दै भन्यो । मूर्ख कुम्भकर्णलाई बोट बिरुवाहरू ऊ जस्तै गरी उफ्रन सक्दैनन् भन्ने कुरा के थाहा !

वनमा घुम्दै जाँदा बाघ आयो बाघ भन्दै सारा जनावरहरू भागाभाग गरेको उसले देख्यो। मूर्ख जनावरहरू मैले जस्तै पानीमुनि लुक्नु नि। बाघको बुबाले पनि फेला पार्न सक्दैन। उसले भन्यो । घमन्डी कुम्भकर्णले यी जनावरहरू ऊ जस्तै पानीमुनि लुक्न सक्दैनन् भन्ने कुरा थाहा पाएकै थिएन ।

एक दिन जङ्गलका सारा घाँस खाने जनावरहरू एक ठाउँमा भेला भएको

उसले देख्यो। सबै जनावरहरूले आफूलाई बाघ, स्याल, ब्वाँसाहरूले लखेटेर मार्ने गरेको कुरा बताए। यही मौका छोपेर कुम्भकर्णले छाती फुल्याउँदै भन्यो, "म जस्तो चलाख हुन सक्नुपर्छ। मार्न आउनेलाई छक्याउन जान्नुपर्छ। मलाई कसले के गर्न सक्छ ? पानीमा बस्ने जन्तुले लखेटे जमिनमा भाग्छु। जमिनको शत्रुले लखेटे पानीभित्र पुग्छु। कसैको तागत छ मलाई खाने ? "

कुम्भकर्ण आफ्नो बहादुरीको बखान के गर्दै थियो एउटा लामो जीव त्यही बेला घस्रिदै त्यहीँ आइपुग्यो। "मेरो छ ताकत। छिटो उफ्रन्थ्यो त्यो जीव पनि उसलाई लखेट्दै त्यही पुग्थ्यो। "लौ बा यसले त मलाई मार्ने नै भयो।" भन्दै कुम्भकर्ण फेरि पानी मै हाम्फाल्यो र पोखरीको पिँधमा पुगेर हिलो माटोभित्र दबियो। त्यो जीवले पानीमै उसलाई खोज्न थाल्यो। कुम्भकर्णलाई भेट्टाउन सकेन। सारा जनावरहरू यो रमिता हेरिराखेका थिए। "कुम्भकर्ण खुबै फुर्ती लाउँथ्यो। सर्पले लखेटेपछि थाहा पायो। खरायोले खिसिक्क हाँस्दै भन्यो । सर्प पनि उसलाई नभेटेर पोखरीकै डिलको दुलोभित्र पस्यो।



म तँलाई जहाँ गए पनि मार्न सक्छु।" उसले फ्वाँ फ्वाँ गरी भन्यो। कुम्भकर्णले त्यसलाई पहिले कहिल्यै देखेको थिएन। ऊ केही डरायो। "लौ त हेरौँ।" भन्दै ऊ नजिकैको पोखरीमा हाम्फाल्यो। त्यो जीव पनि पोखरीमै हाम्फाल्यो। पोखरीमा कुम्भकर्ण जता जता जान्थ्यो, त्यो जीवले पनि उसलाई त्यतै गएर लखेट्थ्यो। यसपछि कुम्भकर्ण छिटो छिटो भाग्दै भाग्दै जमिनमा आयो र भाग्न थाल्यो। त्यो जीव पनि आँ मुख बाउँदै जमिनमै उसलाई लेखेट्दै आइपुग्यो। कुम्भकर्ण जति

यता कुम्भकर्ण निकै दिनसम्म पानीभित्रै हिलामा दबिएर बस्यो। उसलाई एकातिर सारै भोक लाग्यो भने अर्कोतिर सर्पको उत्तिकै डर थियो। उसले आफू बसेको ठाउँ वरपर केही खानेकुरा छ कि भनी हेर्‍यो। उसले आफ्नो दुलो अगाडि एउटा किरा जस्तो वस्तु देख्यो। उसले लामो जिब्रो फट्कार्‍यो जिब्राले ट्याप्प टिपेर त्यो चिजलाई मुखभित्र हाल्यो।

एक छिनसम्म के रहेछ भनी मुखमै च्यापिरह्यो। "छ्याः किरा भनेको त च्याउ पो रहेछ !" उसले थुक्क थुक्यो।



एकछिनपछि उसलाई निद्रा लाग्ला जस्तै भयो । उसले सोच्यो, “म त्यो सर्प हुन पाए ... क्या मज्जा हुन्थ्यो । म जमिनमा...पानीमा...जहाँ पनि जान सक्थेँ ...जसलाई पनि मार्न सक्थेँ ...।”

एकछिनपछि उसको जिउ लामो लामो भएको जस्तो उसलाई लाग्यो । उसको शरीर मोटो मोटो भएको जस्तो भयो । ऊ त सर्प पो भएछ ! अस्ति नै उसलाई लखेट्ने सर्प ! ऊ जता जान्छ, भ्यागुताहरू त भागाभाग ! ऊ रुखमा चढेर चराको फुल पनि खान सक्ने भएछ ! त्यसैले उसलाई देखे कि त सारा चरा कराउँदा रहेछन् ! उसलाई त के



पानीमा भ्यागुतो खायो ! जमिनमा गयो भ्यागुतो, मुसो खायो ! रुखमा चढ्यो चरा, बचेरा र फुल खायो ! क्या मज्जा ! क्या आनन्द !!

ऊ फुल खाएर पोखरी नजिकै के बसेथ्यो ‘सुइय’ एउटा चरा उसको नजिकैबाट उड्यो । उसले यसो हेऱ्यो । ‘गरुड’ बाफ रे ! यसले त मलाई खाने रहेछ । भाग रे भाग ! ऊ पोखरीतिर के दौडँदै थियो, न्याउरी मुसोले देख्यो । आम्मै ! यसले त झन् मेरो जिउलाई टुक्रा टुक्रा पारेर खान्छ । ऊ जोडले कुद्यो र झ्वाम्म पानीभित्र हाम्फाल्यो । तैपनि भेट्टाएन । उसले लामो सास फेऱ्यो ।

“धत् सर्प हुँदा पनि सुख रहेनछ, त्यो गरुड हुन पाए त क्या मज्जा ! कसको डर ! कसैले लखेट्यो भने उडिहाल्यो ! क्या मज्जा ! क्या आनन्द ! !

नभन्दै एक छिनपछि उसको जिउमा पखेटा पलाए जस्तो भयो । उसको टाउकामा धारिलो चुच्चो पलायो .... आहा ! ऊ त गरुड पो भएछ ।

जति उडे पनि हुने ! जुन चरालाई खाए पनि हुने ! उसलाई देखेपछि त के कुरा उसको छायासम्म परे पनि बिचरा सर्पहरू त हिंड्नै नसक्ने हुँदा रहेछन् । त्यसैले ‘गरुडको छाया परेको सर्प जस्तो’ भनी मानिसहरू भन्दा



रहेछन् । ऊ गरुड भएर चारैतिर उड्यो । ऊ एउटा रुखको हाँगामा बस्यो । ऊ सारै खुसी थियो ।

यत्तिकैमा 'झ्याम्म' कसैले उसलाई पछाडिबाट झम्ट्यो । ऊ फुत्त हाँगबाट उडिहाल्यो । 'ओहो !' यो त बाघ पो रहेछ । यसले त मलाई झन्डै खाएको ! ऊ डरायो । अँ हँ गरुड बन्दा पनि सुख रहेनछ । बरु बाघ हुन पाए ... !

कुम्भकर्ण के सोच्दै थियो  उसको जिउ ठुलो भएको हात गोडामा लामा लामा नङ्ग्रा पलाएको जस्तो लाग्यो । ऊ त बाघ पो भएछ । जङ्गलका सारा जनावर ऊदेखि थरहरी ! ऊ जहाँ जान्छ सबै भागाभाग ! आहा ! अब उसलाई केको डर ! "ड्याम्म" बाफ रे ! चोर सिकारीहरूले बन्दुकले हानेर उसलाई झन्डै मारेका ! ऊ भाग्दैछ सिकारीहरू लखेट्दैछन् । "मार् मार । ठोक् ठोक् । यसको मासु खानुपर्छ । यसको छाला बेच्नु पाए पैसा आउँछ" भन्दै मानिसहरू लखेट्दै छन् । ऊ भाग्दैछ ।

"बचाऊ..." कुम्भकर्ण सपनामै करायो । ऊ ब्युँझियो । "धत् ! तै म त भ्यागुतो नै रहेछु । साँच्चिकै बाघ भएको भए मलाई जसरी पनि मार्थे । ओहो ! अघि नै किरा भनेर खाएको चिज नसालु च्याउ पो रहेछ र मलाई त कस्तो नसा लाग्यो । मैले त के के सपना देखें देखें । म त के के पो भएछु ।" कुम्भकर्णले मनमनै भन्यो ।

"ठिक छ जो कोही पनि कसैको आहारा बन्नै पर्ने रहेछ । सबैलाई सबैले खाँदा



रहेछन् । फुलको रस पुतलीले खाने । पुतलीलाई मैले खाने ! मलाई सर्पले खाने । सर्पलाई गरुडले खाने ! बाफ रे ! यो त संसारकै रीत रहेछ ।" यति भनी चित्त बुझाउँदै कुम्भकर्ण डराई डराई पोखरीबाट निस्कियो र किरा फट्याङ्ग्रा खोज्न थाल्यो ।

# एकसिङ्े कलुवाका चार ओटा थाम



टन-टन-टन....घन्टी लाग्यो । सबै विद्यार्थीहरू कक्षा बाहिर निस्किए र आ आफ्ना छरछिमेकी मिली हिंड्दै गफ गर्दै घरतिरको बाटो लागे ।

"ए सुधीर ! तैले आज पुरस्कारमा के के पाइस् ?" हरिले सोध्यो ।

"यीः यही त हो नि ! एउटा किताब र कपी" सुधीरले पोको देखाउँदै जवाफ दियो ।

"केको पुरस्कार पाएको ?" पाँच कक्षाकी रमाले सोधी ।

"गाउँ खाने कथाको" सुधीरले भन्यो ।

"ए सुधीर तँ यस्ता कथा कोबाट सिक्छस् ? हामीलाई सिकाइदेन" डेभिटले भन्यो । "हुन्छ नि" सुधीरले नाकको पोहरा फुलाउँदै भन्यो, "यस्ता कथा त मैले कति जान्या छु कति ।"

"भन्न त घर पुगुञ्जेलसम्म दुई चार ओटा, बाटो पनि काटिने, कथा पनि सिद्धिने कसो ?" यादवले प्रस्ताव राख्यो ।

"हो हो" सबैले समर्थन गरे ।

"पख है त म सोच्छु" भन्दै सुधीर एक छिन घोरियो । सबै जना उसकै मुखमा हेर्न थाले ।

"ल भनन । एकसिङ्े कलुवाका चार ओटा थाम भनेको के हो ?" सुधीरले सोध्यो । सबै जना सोच्दै, हिंड्दै गर्न थाले ।

"घर हो ?"

"होइन ।"

"कुर्सी होला ।"

"अँ हँ ।"

सबैले धेरै अनुमान गरे । तर कसैले पनि यसको सही जवाफ दिन सकेनन् । कसैले पनि अर्थ लगाउन नसकेकाले आखिरमा सुधीरले गाउँ माग्यो । सबैले काठमाडौँ भने । उसले पनि "काठमाडौँको सेरोफेरो सबै मेरो, यहाँको बर्सेनि बन्ने सयौँ नयाँ नयाँ

घरजति सबै मेरो, घाम नछिर्ने घर जति तिमीहरूको, पशुपति, गुहेश्वरी, शोभा भगवती सबै मेरो। तर त्यहीँबाट बग्ने बागमती, विष्णुमतिको गनाउने ढल मिसिएको पानी तिमीहरूको...., ठुला ठुला होटलका मिठा मिठा खानेकुरा जति मेरो, झिँगा भन्केका बासी रोग सर्ने खानेकुरा जत्ति तिमीहरूको ....भन्दै अन्त्यमा आद्ये पाद्ये यत्ति कथा पनि नआउने साद्ये के हो ?" भनी सोध्यो। सबैले, "के हो?" भनी सोधे। उसले भन्यो, "गैँडा।"

"कसरी ?"

"कसरी भने नि गैँडाको नाकमा एउटा मात्र सिङ हुन्छ, त्यसैले यो एकसिङे भो। यो कालो हुने हुँदा कलुवा भयो। यसका चार ओटा बलिया खुट्टा हुने हुँदा थाम भयो" सुधीरले पुष्टि गर्‍यो।


"हो त हो थुक्क ! भन्नै सकिएन, मलाई गैँडा भनुँ भनुँ लाग्याथ्यो भन्दै सबै पछ्याउन थाले। साच्ची गैँडा भन्या क्या हो ?" बेखामानले सोध्यो।

"त्यति पनि थाहा छैन ?" सबै जना हाँसे।

"थाहा छैन नि हामी काठमाडौँमा बस्ने मान्छेले जङ्गल फिल्ममा मात्रै देख्छ, चिडिया घर गएको छैन अनि कसरी डेख्छ" बेखामानको प्रश्न थियो।

"सुन् बेखा ! गैँडा भन्या नि मोटो खालको, बाक्लो छाला भएको, जङ्गलमा बस्ने, घाँस खाने ठुलो जनावर हो, बुझिस्" सुधीरले सम्झायो।

यसपछि जजसलाई गैँडाबारे जे जे कुरा थाहा थियो, त्यो त्यो कुरा तँछाडमछाड



गर्दै भन्न थाले। गैँडाबारे जसलाई जे कुरा जान्न मन लागेको थियो उसले सोध्यो, अरूले जवाफ दिन्थे। यसरी आपसमा गफ गर्दै उनीहरू हिँडिरहे।

"थाहा छ ! आफ्नो बच्चालाई दुध चुसाउने जनावरमध्ये नि गैँडा हात्ती पछिको सबैभन्दा मोटो जनावर हो।"

"किन नहोस् त ....जन्मदै त यो साठी केजी जन्मन्छ...जवान हुँदा त दुई चार हजार केजी पो पुग्छ त !"

"बाफ रे बाफ !!"

"गैँडा त नि आमाको पेटमा कति महिना बस्छ थाहा छ ? सोरदेखि उन्नाइस महिनासम्म बस्छ।"

"बाफ रे ....मान्छे, गाईबस्तुको भन्दा पनि बढी ! !"

"यसले एक बेतमा बच्चा भने एउटा मात्र ब्याउँछ।"

"यसको जिउमा पनि काँधदेखि ढाडको अलि तलसम्म एउटा, फिलाको माथिल्लो भागमा दाहिने देब्रेपट्टि गरी एक एक ओटा, काँधबाट घिच्रोसम्मको एउटा गरी छालाको पाँच पाँच ओटा पाटा हुन्छन्, हामीले ज्याकेट सिलाएको जस्तो...फिलामा त झन् छालाको मोटो लुन्द्रै झुन्डिएको हुन्छ।"

"यसको जिउमा रौँ हुँदैन नि।"

"जिउअनुसार हात्तीको जस्तै यसको पुच्छर पनि छोटै हो हगि।"

"यसको पैताला पनि त हात्तीको जस्तै ढ्याब्रे हुन्छ नि।

हात्तीभन्दा त यो निकै होचो हुन्छ नि, हात्ती पन्ध्र बिस हात लामो हुन्छ, यो त तिन चार हात मात्रै अग्लो हुन्छ नि।

बस्न पनि त हात्ती बस्ने जङ्गलतिरै बस्छ क्यारे होइन ?

हो त नेपालमा त चितवन र बर्दिया जिल्लामा मात्रै सरकारी रूपमै सुरक्षित गरी राख्या छ।

साँच्ची यसलाई कि यसरी सुरक्षित राख्नु पर्‍या होला ?

किन नि अब ? खाग चोर्लान् भन्ने डरले ! ! !

खाग रे के हो त्यो ? कस्तो हुन्छ ?

भाले गैँडाको नाकमा कोप्रो परेको सिङ जस्तै हाड हुन्छ, त्यसैलाई खाग भन्छन्। साँच्ची त्यो कत्रो हुन्छ ?

चार पाँच इन्चदेखि दस बार इन्चसम्मको हुन्छ रे। हाम्रो घरमा अर्घ दिने अर्घौतो छैन ? हो त्यस्तै हुन्छ।

ए अँ अँ फेदमा मोटो, छेउमा चुच्चो हुने कोप्रे चम्चा जस्तो ?

अँ अँ त्यस्तै।

खाग किन चोर्नु नि ! !

ल ....संसारको सबैभन्दा महत्त्व पूर्ण र मूल्यवान् चिजै त्यही होला ... अनि .... !

....खाग ! ! के गर्छ यसले ?

थाहा छ ? गैँडाको त खाग मात्र हैन हाड, छाला, मासु....सबै अमूल्य हुन्छ।

किन ?

किन अब ! छालाबाट गोली छिर्न सक्दैन। त्यस्तो बाक्लो हुन्छ ! यसको ज्याकेट लगाउन पाए त मानिस त बुलेट प्रुफ।

ए त्यस्तो बुलेट प्रुफ जन्तुलाई कसरी मार्छन् त हँ।

खाल्डो खनेर

के रे कसरी ?


गैँडाले प्रायः एकै ठाउँमा दिसा गर्छ रे।

अनि दिसा गर्न जाँदा यो पछाडि हेर्दै नहेरी पछि पछि सर्दै उल्टो हिँड्छ रे... अनि दिसा गर्ने ठाउँ पत्ता लगाएर सिकारीहरूले खाडल खनेर झ्यास झुसले पुरी राख्छन् ...गैँडा अगाडि हेर्दै पछाडि सर्दै दिसा बस्न हिँड्छ .... खाडलमा खस्छ। माथि आउन सक्दैन ... महिनौँ दिनसम्म खान नपाएपछि ... अनि मरेन !!

च्व ....च्व कस्ता निर्दयी हगि ?

मानिस !!

क्या हाम्रो काकाले भन्या यो हत्तपत्त फर्कन सक्दैन रे ... चितवनमा तोरी खान आएको बेलामा जति जोडले यसको जिउमा हिर्काए पनि यसलई दुख्दैन रे ... यो त भाग्दै भाग्दैन रे...अनि आगो ल्याएर तर्साएपछि बल्ल भाग्छ रे। यसलाई रिस उठ्यो भने हान्न सोझै दौडेर आउँछ रे...आफू यसो छलियो भने वेगमा दौड्दै निकै पर पुगेपछि बल्ल रोकिन सक्छ रे...लामो फेरो लिएपछि मात्र घुम्न सक्छ रे...।



थाहा छ ? यसको जिब्रो यत्ति खस्रो हुन्छ कि एकपल्ट चाट्न पायो भने हाम्रो जिउको छालासाला सप्पै फर्काएर हड्डी नै देखाइदिन्छ।

बाफ रे ! के खान्छ त यसले ?

फलाम !!

हैन हैन खान त घाँसै खान्छ नि ।

साँच्ची यो कति वर्ष बाँच्छ ?

बाँच्छ के चालिस पचास वर्ष जति ।

मलाई त पिर लाग्यो यार

किन ?

किनभने नि यस्तो बहुमूल्य जनावरलाई हामीपछिका पिँढीले देख्नै पाउँदैनन् । पहिले हाम्रै देशमा कत्ति थिए कत्ति ? अब त दस बार ओटा मात्रै छन् रे । त्यो पनि सकिन के बेर ?

देख्न पाउँदैनन् भने दोष हामी मान्छेकै त हो नि । हामीलाई आफू बाँच्न पाए पुगिहाल्छ । अरूलाई बचाउन, बाँच्न दिन मानिसले बिर्सिसक्यो ।

त्यही त यो पैसा भन्ने चिज मानिसले किन बनाएको होला । हेर त आज यही पैसाको लागि मानिस आफू पनि खुसी र सुखी छैन । प्रकृतिका अरू उपयोगी सन्ततिलाई पनि भविष्यका लागि बिउ पनि नराख्ने गरी मास्न तम्सदैछ ... कस्तो अचम्म ... । यस्तो पनि बुद्धिमान् जाति रे ! !

खै त सरकार पनि के हेर्दै छ ?

सबैले सरकारकै मात्र मुख ताकेर हुन्छ र ? जनताले पनि सोचेर यी दुर्लभ जन्तुको सुरक्षा गर्नुपर्‍यो नि ।

त्यो त भन्नै परेन नि , बुझ्नेलाई कर्तव्य भित्रकै कुरा पर्‍यो ....कसो...।

ठिकै हो ....।

ल है ... म त लागेँ ...

म पनि आउँ, भोलि बेलैमा भेटौँला ।

यसरी गफ गर्दै ...साथीहरूसँग छुट्टिँदै सबै जना आआफ्नो घरमा आइपुगे ।

अनि सबैले सोचे यस्तो अनमोल जनावरलाई जोगाउन पाए त कति राम्रो हुन्थ्यो होला भविष्यमा ।